### श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

नेपाल अधिराज्यको सम्पूर्ण तराई क्षेत्र र चूरे श्रृंखलासमेतको केही भाग पर्ने क्षेत्रलाई १० अन्वेषण खण्डमा विभाजन गरी सिमांकन गरिएका खण्डमध्ये नं. १ देखि ६ सम्मका प्रत्येक खण्डमा पेट्रोलियम कार्य गर्ने इच्छुक कम्पनीहरूबाट मिति २०४६।४।५ (तदनुसार २० जुलाई १९८९) देखि २०४६।७।१० (तदनुसार २६ अक्टोवर १९८९) भित्र बोलपत्र आव्हान गरिएको हुँदा पेट्रोलियम नियमावली, २०४१ को परिच्छेद १२ को नियम ५७ को खण्ड (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,<br>
भुवनेश्वर खत्री<br>
श्री ५ को सरकारको सचिव

### श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी रेडियो नेपालले आयात गर्ने रू. ६३,००,०००।– मूल्य बराबरको देहाय अनुसारको उपकरणहरूको पैठारीमा लाग्ने साधारण भन्सार महशूल ५ प्रतिशतमात्र लाग्ने गरी आंशिक छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

(क) स्टूडियो उपकरणः–

| | |
|---|---|
| १. स्पीकर माइक्रोफोन आदि र त्यसको पार्टपूर्जा | रू. ३,००,०००।– |
| २. अउडियो रील क्यासेट तथा कार्टिज टेप | रू. ७,००,०००।– |
| ३. एयर कण्डिशनिङ्ग तथा स्टूडियो उपकरण र पार्टपूर्जा | रू. ७,००,०००।– |

(ख) ट्रान्समिटर उपकरणः–

| | |
|---|---|
| १. ट्रान्समिटर र त्यसको पार्टपूर्जा | रू. ३२,००,०००।– |
| २. अण्डरग्राउण्ड तथा पावर केबुल भोल्टेज रेगुलेटर– ए.सी. जेनेरेटर र त्यसको पार्टपूर्जा | रू. १४,००,०००।– |
| जम्मा | रू. ६३,००,०००।– |

आज्ञाले,<br>
ईश्वरकुमार श्रेष्ठ<br>
उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा ८ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी देहाएका घरेलु उद्योगहरू अन्तर्राष्ट्रिय सिमानाबाट आठ किलोमिटरभित्र स्थापना गर्न बन्देज लगाएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. स:मिल उद्योग ।
२. उड सिजनिङ उद्योग ।
३. कत्था उद्योग ।
४. काठमा आधारित सलाई उद्योग ।

आज्ञाले,
भुवनेश्वर खत्री
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ३८, मिति २०४५।१२।२१ संख्या ५० को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको पाना नं. २८ को सि. नं. ४ को सट्टा देहायको सि. नं. ४ राखी संशोधन गर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | शहरी क्षेत्रको | इकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | भद्रपुर | कट्ठा | २,५०,००० | १,२५,००० | १,१२,००० | ५०,००० | १५,००० | ८,००० | |

आज्ञाले,
मोहनराज शर्मा
श्री ५ को सरकारको का.मु.सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
256